प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# पाडापाडी पालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:** यस प्रदेशलाई तीन वर्ष भित्र मासु र दुधमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ स्वच्छ र स्वस्थ्यकर मासु र दुधको सहज आपूर्तिको लागि पशुपालन व्यवसाय विस्तार मार्फत मासु र दुधको उत्पादन/ उत्पादकत्व वृद्धि गर्न पाडापाडी पालन कार्यक्रम आवश्यक भएकोले साझेदारीमा पाडापाडी पालन कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "पाडापाडी पालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "पाडापाडी पालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक वा प्रस्तावक"** भन्नाले पाडापाडी पालन कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समूह/ सहकारी/ नीजि क्षेत्र सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको पाडापाडी पालन कार्यक्रम सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ ।

(ज) **"साझेदार संस्था"** भन्नाले छनौट भई कार्यालयसँग द्विपक्षिय सम्झौता गर्ने कृषक समूह/ सहकारी/ नीजि क्षेत्र सम्झनु पर्छ ।

३. **उद्देश्य:** पाडापाडी पालन कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छ:-

(क) व्यवसायिक रुपमा पाडापाडी पालन गरी रोजगारीको सृजना गर्ने,

(ख) मासु र दुधका लागि आयात गरिने पशु संख्या कम गर्ने,

(ग) बजारमा स्वच्छ र स्वस्थ्यकर मासु र दुधको सहज आपूर्तीमा टेवा पुऱ्याउने,

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. <u>मूल्याङ्कन समिति</u>: प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि कार्यालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छ:-

| | |
|---|---|
| प्रमुख वा निजले तोकेको बरिष्ठतम् अधिकृत, कार्यालय | संयोजक |
| प्रमुख, आर्थिक प्रशासन शाखा, कार्यालय | सदस्य |
| कानून अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| पशु विकास अधिकृत/पशु चिकित्सक, कार्यालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, कार्यालय | सदस्य सचिव |

<u>नोट</u>: समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. <u>अनुगमन तथा मूल्याङ्कन</u>: यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रकृया

६. <u>कार्यक्रम सञ्चालन</u>: (१) यो कार्यक्रम चितवन, मकवानपुर र सिन्धुपाल्चोक जिल्लाका कृषक समूह/ सहकारी/ नीजि क्षेत्रसँगको लागत साझेदारीमा सञ्चालन गरिनेछ ।

(२) आगामी आ.व.हरुमा आवश्यकता र औचित्यताको आधारमा यो कार्यक्रम अन्य जिल्लाहरुमा थप गर्दै लगिने छ ।

७. <u>प्रस्ताव आह्वान</u>: निर्देशनालयले यस अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समूह/ सहकारी/ नीजि क्षेत्रलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद दिई अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. <u>प्रस्ताव दर्ता</u>: ईच्छुक कृषक समूह/ सहकारी/ नीजि क्षेत्रले दफा ७ बमोजिमको समय अवधी भित्र अनुसूची -२ बमोजिमको आवेदन साथै अनुसूची -३ बमोजिम कार्ययोजना तयार गरी कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

९. <u>आवेदकको छनौट</u>: छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछ:-

(क) मूल्याङ्कन समितिले अनुसूची -४ बमोजिमको मापदण्डका आधारमा कृषक समूह/ सहकारी/ नीजि क्षेत्रको छनौट गरी स्वीकृतका लागि कार्यालयमा पेश गर्नु पर्नेछ,

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. <u>प्रस्तावकलाई जानकारी</u>: छनौट भएको प्रस्तावकलाई कार्यालयले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनु पर्नेछ ।

११. <u>सम्झौता</u>: (१) प्रस्ताव स्वीकृत भएका प्रस्तावकले जानकारी प्राप्त गरेको मितिले १५ दिनभित्र सम्बन्धित कार्यालयसँग अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१२. साझेदारीमा पाडापाडी पालन कार्यक्रम सञ्चालन गर्न आवेदक संस्थाद्वारा पेश भएको कार्ययोजना र आवश्यक न्यूनतम क्रियाकलापहरूको अनुमानित लागत समेत समेटिने गरी सम्झौतामा उल्लेख गर्नु पर्नेछ र सोहि बमोजिम ५० प्रतिशत (बढीमा १० लाख) लागत साझेदारीमा कार्य सम्पन्न गरिने छ ।

१३. उक्त कार्यक्रमको लागि कम्तीमा २५ वटा पाडा वा पाडी पालिएको हुनु पर्नेछ र कार्यक्रम सम्पन्न हुँदासम्म ५० वटा पाडा वा पाडी भएको हुनु पर्नेछ । पाडापाडी खरिद गर्दा त्यसको उमेर बढीमा १ वर्षको हुनु पर्नेछ ।

१४. अनुदान रकम प्राप्त गर्न साझेदार संस्थाले सम्झौता बमोजिमको बिल/ भर्पाई कार्यालयमा पेश गर्नु पर्नेछ ।

१५. बिल/ भर्पाई प्राप्त भए पश्चात कार्यालयले स्थलगत अनुगमन गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान रकमको १ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी साझेदार संस्थाको बैंक खातामा एकमुष्ट रकम उपलब्ध गराउने छ ।

१६. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आंशिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

१७. कार्यक्रमको लेखा, लेखा परिक्षण तथा आर्थिक कारोवार विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिने छ ।

१८. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिने छ ।

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -५

## विविध

१९. **प्रगति प्रतिवेदनः** (१) साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

२०. **कार्यक्रमको प्रभावकारीताः** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गरी दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिने छ ।

२१. **संशोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२२. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

## पाडापाडी पालन कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः ... ... ...

आर्थिक वर्ष ... ... ... को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा पाडापाडी पालन कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह/ सहकारी/ नीजि क्षेत्रबाट लागत साझेदार गर्न दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा आवेदन र कार्ययोजना सहित तपशिल बमोजिमका कागजातहरु संलग्न राखी सम्बन्धित कार्यलयमा दरखास्त दिनुहुन सूचित गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. रु. १०।- को टिकट टाँसेको निवेदन,
२. संक्षिप्त व्यावसायीक कार्ययोजना,
३. संस्था दर्ता प्रमाण-पत्र,
४. अन्य प्रमाणित-पत्रहरु(तालिम, शैक्षिक योग्यता, जग्गा भाडाको सम्झौता पत्र आदी),
५. पाडापाडीको संख्या खुल्ने कागजात,
६. पाडापाडी पालन गर्ने क्षमता (जग्गा/ घाँस रोपणको क्षेत्रफल आदी),
७. बैठक निर्णय प्रतिलिपी,
८. कार्यक्रम सञ्चालन गर्ने स्थलको फोटो ।

नोटः कार्यक्रम सम्बन्धी विस्तृत विवरण कार्यालयलको सूचना पाटीमा हेर्न सकिने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -२
(दफा ८ सँग सम्बन्धित)
आवेदन-पत्र

मितिः ... ... ... ... ...

श्रीमान् प्रमूख ज्यू,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ... ।

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा मिति ... ... ... ... मा ... ... ... ... प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम पाडापाडी पालन कार्यक्रममा सहभागी हुन इच्छुक हुँदै निम्नानुसार कागजात राखी निवेदन पेश गरिएको छ ।

तपसिलः

१. संक्षिप्त व्यावसायीक कार्ययोजना,
२. संस्था दर्ता प्रमाण-पत्र,
३. अन्य प्रमाणित-पत्रहरु(तालिम, शैक्षिक योग्यता, जग्गा भाडाको सम्झौता पत्र आदी),
४. पाडापाडीको संख्या खुल्ने कागजात,
५. पाडापाडी पालन गर्ने क्षमता (जग्गा/ घाँस रोपणको क्षेत्रफल आदी),
६. बैठक निर्णय प्रतिलिपी,
७. कार्यक्रम सञ्चालन गर्ने स्थलको फोटो ।

अध्यक्षको:
नामः
पदः
दस्तखतः
मितिः
संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

अनुसूची -३

(दफा ८ सँग सम्बन्धित)

साझेदार संस्थाका सदस्यले पेश गर्नुपर्ने कार्ययोजना विवरण

मितिः ... ... ... ... ...

कार्यक्रमको नामः ... ... ... ... ...

साझेदार संस्थाको नामः ... ... ... ... ...

ठेगानाः ... ... ... ... ... सम्पर्क नं.: ... ... ... ... ...

साझेदार संस्थासँग हालको मौज्दातः ... ... ...

पाडी संख्याः ... ... ... पाडा संख्याः ... ... ...

प्रस्तावित कार्यक्रम सञ्चालन स्थलमा हाल विद्यमान भौतिक पूर्वाधारको अवस्थाः

पक्की सडक(कि.मी.): ... ... ... कच्ची सडक(कि.मी.): ... ... ...

कच्ची भए वर्ष भरिमा सवारी साधन चल्ने महिना संख्याः ... ...

टेलिफोन सुविधा छ/छैनः ... ...

मोवाईलमा नेटवर्क आउछ/आउदैनः ... ...

सिंचाईको सुविधा छ/छैनः ... ...

सिंचाईको सुविधा भए वर्षमा सिंचित हुने जग्गाको कुल क्षेत्रफलः ... ...

वर्षै भरी सिंचित हुने जग्गाको क्षेत्रफलः ... ...

९ महिना सिंचित हुने जग्गाको क्षेत्रफलः ... ...

६ महिना सिंचित हुने जग्गाको क्षेत्रफलः ... ...

३ महिना सिंचित हुने जग्गाको क्षेत्रफलः ... ...

पानीको सुविधा छ/छैनः ... ...

पानीको स्रोत र पानी उपलब्ध हुने महिना संख्याः ... ... ...

ईनारबाट(महिना): ... ... कुवाबाट(महिना): ... ...

पोखरीबाट(महिना): ... ... सार्वजनिक धारोबाट(महिना): ... ...

नीजि धारोबाट(महिना): ... ...

बत्तीको सुविधा छ/छैनः ... ... ... ३ फेज लाईन हो/होईनः ... ...

साझेदार संस्थासँग जग्गा उपलब्धताको अवस्थाः ... ... ... ... ...

नीजि जग्गाको क्षेत्रफलः ... ... ... ...

कार्यक्रम सञ्चालनको लागि जग्गा भाडामा लिएको/लिने क्षेत्रफलः ... ... ... ...

साझेदार संस्थाले घाँस लगाएको क्षेत्रफलः ... ... ... ... ...

मा. दावा दोर्जे लामा
मन्त्री

घाँस खेती गर्न जग्गा भाडामा लिएको क्षेत्रफलः ... ... ... ...
वातावरणिय दृष्टिकोणले उपयुक्त भए/ नभएकोः

यदि नकारात्मक असर पर्ने भए सोको न्यूनिकरणका उपायहरुः

सिर्जना हुन सक्ने रोजगारी संख्याः

संभव भएसम्म प्रस्तावित परियोजनाको वित्तिय विश्लेषण गर्नेः

(रकम रु.हजारमा)

| प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मुख्य मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | दर | कुल लागत | प्रस्तावकको योगदान रु. | कार्यालयबाट अनुदान रु. | प्रस्तावकको योगदानको स्रोत |
| १ | पाडापाडी खरीद | | | | | | | |
| २ | घाँस विकास | | | | | | | |
| ३ | गोठ निर्माण/ सुधार | | | | | | | |
| ४ | अन्य कृयाकलापहरुः | | | | | | | |
| ४.१ | | | | | | | | |
| ४.२ | | | | | | | | |
| ४.३ | | | | | | | | |
| ४.४ | | | | | | | | |
| ४.५ | | | | | | | | |
| ४.६ | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |

<u>नोटः</u> माथि उल्लेखित बुँदाको आधारमा थपघट गरि विस्तृत प्रस्ताव एवं फोटो सहित पेश गर्न सकिनेछ।

**प्रस्तावकको:**

नामः
पदः
दस्तखतः
मितिः
संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -४

(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

पाडापाडी पालन कार्यक्रम सञ्चालनका लागि संस्था छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

मूल्याङ्कन फारम

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | २५ | | |
| १.१ | सडक सुविधा भएको | ३ | | |
| १.२ | बिजुली सुविधा भएको | २ | | |
| १.३ | पानीको सुविधा भएको | २ | | |
| १.४ | जग्गाको स्वामित्व | १८ | | |
| १.४.१ | संस्थाको नाममा भएको | १८ | | |
| १.४.२ | सेयर होल्डरको नाममा जग्गा भएको | १५ | | |
| १.४.३ | भाडामा जग्गा लिएको | १३ | | |
| २ | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालीम (प्रस्तावित कामदारको मात्र)** | ५ | | |
| २.१ | ७ दिन अवधीसम्मको तालीम | १ | | |
| २.२ | ७ देखी १५ दिने अवधिसम्मको तालिम | २ | | |
| २.३ | १६ देखी ३० दिने अवधिसम्मको तालिम | ३ | | |
| २.४ | १ महिना दखेी ३ महिना अवधिसम्मको तालिम | ४ | | |
| २.५ | ३ महिना भन्दा बढी अवधीको तालिम | ५ | | |
| ३ | **वित्तिय क्षमता** | १० | | |
| ३.१ | साझेदारको प्रतिबद्धता-पत्र | ८ | | |
| ३.२ | अन्य निकायबाट पनि सहयोग हुने प्रतिबद्धता भएको | २ | | |
| ४ | **रोजगारीको अवस्था (प्रस्तावित)** | ५ | | |
| ४.१ | कम्तीमा ३ जना | ३ | | |
| ४.२ | ३ जना भन्दा माथि | ५ | | |

मा. दावा दोर्जे लामा
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ५ | वातावरणिय उपयुक्तता (प्रस्तावित) | ५ | | |
| ५.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | २ | | |
| ५.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | | |
| ६ | **अन्य पक्षहरुः** (विगतमा कृषि सम्बन्धि काम गरिरहेको (पशुपन्छीपालन वा घाँस खेती वा दाना उत्पादन) र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको) | १५ | | |
| ७ | **स्विकृत कार्यविधी अनुसारको थप आधारहरु** | ३५ | | |
| ७.१ | घाँस खेती गर्न योग्य जमिनको क्षेत्रफल | १० | | |
| ७.१.१ | २ हेक्टर सम्म | ५ | | |
| ७.१.२ | २ हेक्टर भन्दा माथि | १० | | |
| ७.२ | व्यावसायिक कार्ययोजनाको स्पष्टता (कार्य योजना, दिगोपना) | १० | | |
| ७.२.१ | उत्तम | १० | | |
| ७.२.२ | राम्रो | ८ | | |
| ७.२.३ | ठिकै | ६ | | |
| ७.३ | पाडीपाडीको संख्या (प्रस्तावित) | १० | | |
| ७.३.१ | २५ सम्म | ८ | | |
| ७.३.२ | २५ भन्दा माथि | १० | | |
| ७.४ | वित्तिय विश्लेषण | ५ | | |
| | **जम्मा** | १०० | | |

<u>नोटः</u> मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

**६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः**

क)

ख)

**७. स्थलगत अनुगमन टोलीको रायः**

| क्र.सं. | पद | राय दिनेको नामथर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुधार सहित हुन्छ | हुदैन | |
| १ | | | | | | |
| २ | | | | | | |

नोटः हुन्छ/हुदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

१.

२.



प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौडा, मकवानपुर, नेपाल
मा. दावा दोर्जे लामा मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

# अनुसूची -५

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

## सम्झौता-पत्र

आर्थिक वर्ष ... ... ... मा सञ्चालन हुने पाडापाडी पालन कार्यक्रमको लागी भेटेरिनरी तथा अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ... ... ... (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएको कृषक समूह/ सहकारी/ नीजि संस्था, ... ... ... ... ... (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न द्विपक्षिय सम्झौता भएको छ ।

**शर्तनामाहरु:**

१. प्रथम पक्षले लागत साझेदारीमा पाडापाडी पालन कार्यक्रमको लागि कुल लागत रु. ... ... मध्ये अनुदान वापत रु. ... ... ... ... ... बाट १ प्रतिशत कन्टिन्जेन्सी रकम रु. कट्टा गरी दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) अनुदान सहयोग प्रदान गर्नेछ ।

२. दोश्रो पक्षबाट अनुदान रकमको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले असुल उपरको लागि प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नेछ ।

३. तोकिएको प्राविधिक विषय वस्तुलाई दोश्रो पक्षले अनिर्वाय रुपमा पालना गर्नु पर्नेछ ।

४. व्यवसायबाट उत्पादित वस्तुको वजार व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नु पर्नेछ ।

५. प्रथम पक्षले नियमित रुपमा दोश्रो पक्षको अनुगमन/ निरिक्षण गर्नेछ ।

६. दोश्रो पक्षले प्रथम पक्षलाई मासिक रुपमा प्रगति विवरण बुझाउनु पर्नेछ ।

७. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने भवितव्यको जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।

८. यस सम्झौतामा उल्लेख हुन छुटेका व्यहोरा आपसी सहमति र प्रचलित ऐन/नियम बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट: | दोश्रो पक्षको तर्फबाट: |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| कार्यालय: | संस्थाको नाम: |
| कार्यालयको छाप: | संस्थाको छाप: |

**रोहवर:**

| | |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| कार्यालय: | संस्थाको नाम: |
| कार्यालयको छाप | संस्थाको छाप: |

इति सम्वत् ... ... ... ... ... साल ... ... ... महिना ... ... गते रोज ... ... शुभम् ।

मा. दावा दोर्जे लामा
मन्त्री